बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति: २०८२/०७/१५ (शनिबार)

बैठक संख्या: ६७ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : बिहानः ९.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६७ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| क्र सं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/०७/१५ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा ।
३. नवप्रवर्तन साझेदारी परियोजना प्रस्ताव सम्बन्धमा ।
४. युवा सीपमूलक तालिमको सम्बन्धमा।
५. ऐन कानून संशोधन तथा पारित सम्बन्धमा ।
   - कानून तर्जुमा दिग्दर्शन पारित गर्ने सम्वन्धमा
   - हलुका सवारी साधन (तीन पाङ्ग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका,२०८२ स्वीकृत सम्बन्धमा
   - आर्थिक ऐन संशोधन सम्बन्धमा ।
   - कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्ड स्वीकृत सम्बन्धमा ।
६. विविध
   - आय/व्यय संशोधन सम्बन्धमा ।
   - घर भाडा सम्बन्धमा । (आधारभूत स्वास्थ्य सेवा केन्द्र, बेनपा-७)
   - नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
   - राजश्व परामर्श समितिको निर्णय सम्बन्धमा ।
   - गुनासो व्यवस्थापन प्रणाली लागु गर्ने सम्बन्धमा ।
   - वडास्तरीय कार्यक्रमको बजेट व्यवस्थापन सम्बन्धमा ।
   - करार सेवाको म्याद थप गर्ने सम्बन्धमा ।(नागरिक आरोग्य केन्द्र, बेनपा-२)
   - चमेना गृह निर्माण गर्ने सम्बन्धमा ।
   - स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**
मिति २०८२/०६/०७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

पुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक

**निर्णय नं.२: प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि हालसम्म पनि जग्गा उपलब्ध हुन नसक्दा नगरपालिकाको आफ्नो प्रशासकीय भवन निर्माण हुन नसकेको स्थितिमा जिल्ला पञ्चायत सचिवालय लमजुङको नाममा दर्ता श्रेस्ता कायम रहेको, हाल जिल्ला समन्वय समिति लमजुङले हकभोग गरिराखेको साविक बेसीशहर-१, कित्ता नं ३५०, क्षेत्रफल ७३९.२६ वर्ग मिटर रहेको जग्गा बेसीशहर नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि उपयुक्त रहेको र त्यस्तो उपयुक्त जग्गा अन्यत्र खरिद गर्ने प्रयास गर्दा समेत सफल हुन नसकिएको साथै सो स्थानमा नगरपालिकाको प्रशासकीय भवन रहँदा सबै सेवा प्रदायक कार्यालयहरु एकै क्षेत्रमा पर्ने भएकोले सुरक्षा प्रवन्ध लगायत सेवाग्राहीहरुलाई समेत सुविधा पुग्न जाने हुँदा उक्त जग्गा उपलब्ध गराउने व्यवस्थाको लागि जिल्ला समन्वय समिति लमजुङ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम पोखराबाट मिति २०८२/०६/२८ मा प्रकाशित नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको "नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२" वमोजिम यस यस बेसीशहर नगरपालिकाबाट देहाय अनुसारको विवरण समेतका आधारमा अवधारणा पत्र तयार गरी तोकिए वमोजिम आवेदन पेश गर्ने र सोको लागि नगरपालिकाबाट आवश्यक लागत साझेदारी रु.२०,८३,७७०/- (बीस लाख त्रियासी हजार सात सय सत्तरी) खर्च शीर्षक नं २२५२९ लागत साझेदारीकोषबाट खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

देहायः

**परियोजनाको नामः** "मौरीजन्य उत्पादनमा नवप्रवर्तन तथा उद्यमशिलता प्रवर्द्धन परियोजना"

**परियोजनाको किसिमः** एकल

**विषय/क्षेत्रः** उद्यमशिलता विकास (स्थानीय आर्थिक विकास)

**परियोजना अवधीः** २ वर्ष (आ.व. २०८२/८३ र २०८३/८४)

**कुल लागत रकमः** रु.६९,४५,९००/- (उनान्सत्तरी लाख पैंतालीस हजार नौ सय)

**कार्यक्रमतर्फ माग गरिएको रकमः** रु. ४८,६२,१३०/- (अठ्चालीस लाख बैसठ्ठी हजार एक सय तीस)

**नगरपालिकाबाट लागत सहभागितामा व्यहोरिने रकमः** रु.२०,८३,७७०/-(बीस लाख त्रियासी हजार सात सय सत्तरी)

**निर्णय नं ४ : युवा सीपमूलक तालिमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत युवा सीपमूलक तालिम सञ्चालन कार्यक्रमतर्फ विनियोजित रु. १५ लाख मध्येबाट देहायका सीपमुलक तालिमहरु सञ्चालन गर्ने र सो को लागि तालिम लिन ईच्छुक व्यक्तिहरुबाट १५ दिनको म्याद राखी निवेदन दिन सूचना प्रकाशन, छनौट तथा तालिम सञ्चालन लगायतका कार्यहरु अगाडी बढाउने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक

देहायः

(क) लमजुङ सीप विकास प्रतिष्ठान, गैरी क्याम्पससँग समझदारी गरी न्युन आर्थिक अवस्था भएका, दलित, महिला, सीमान्तकृत तथा विभिन्न कारणले प्राविधिक शिक्षाप्रति लगाव भई अध्ययन गर्न नपाएका युवाहरुलाई लक्षित गरी उच्च रोजगारयोग्यता भएका कार्यक्रमहरुः १५ महिने सिभिल कन्ट्रक्सन टेक्निसयन र इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक टेक्निसियन तह-२ बराबरको योग्यता कायम हुने गरी लामो अवधीको तालिम सञ्चालन गर्ने, क्याम्पसलाई प्रगतिको आधारमा क्रमशः भुक्तानी हुने गरी नगरप्रमुखले सम्वन्धित संस्थासँग समझदारी गरी कार्य अगाडी बढाउने । सोको लागि क्याम्पसको नियमानुसारको शिक्षण शुल्क प्रतिविद्यार्थी रु.६५,०००/- अक्षेरुपी पैसठ्ठी हजार १० जना विद्यार्थीका लागि उपलब्ध गराउने गरी कार्य अगाडी बढाउने ।

(ख) बेरोजगार तथा सीप सिकेर आत्मनिर्भर हुन चाहने युवाहरुका लागि ४५ दिने हलुका सवारी चालक तालिम स्थानीय रुपमा रहेका २ वटा ड्राइभिङ इन्स्टिच्युटबाट प्रति सहभागी रु. २०,०००/- अक्षेरुपी बीस हजारका दरले ४० जना युवाहरुलाई प्रदान गर्ने ।

**निर्णय नं ५ः ऐन कानून संशोधन तथा पारित गर्ने सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको काम कारवाही र सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन नगर कार्यपालिका बैठकबाट समय समयमा निर्णय भएबमोजिम विधायन समितिबाट सिफारिस भई आएका देहायका ऐन कानूनहरु स्वीकृत तथा संशोधन गर्ने निर्णय गरियो ।

देहायः

(क) "बेसीशहर नगरपालिकाको कानून तर्जुमा दिग्दर्शन, २०८२" स्वीकृत गर्ने ।

(ख) "बेसीशहर नगरपालिकाको हलुका सवारी साधन (तीन पाङ्ग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८२" स्वीकृत गर्ने ।

(ग) "बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८२" संशोधनका लागि आगामी नगरसभामा समक्ष पेश गर्ने ।

(घ) "बेसीशहर नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८२" स्वीकृत गर्ने ।

**निर्णय नं.६ : आय/व्यय संशोधन सम्बन्धमा ।**

(क) गत नगरसभा अधिवेशनबाट चालु आर्थिक वर्ष २०८२/८३ का लागि देहाय वमोजिमको आय बजेट पारित गरिएकोमा आर्थिक वर्ष २०८१/८२ को अन्तमा पूँजीगत आयोजनाहरु प्रतिस्पर्धाबाट कार्यान्वयन गर्दा वचत रहन गएको रकम तथा प्रशासनिक खर्च लगायत विभिन्न आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्दा तथा कार्यान्वयन हुन नसक्दा वचत रहन गएको रकम आर्थिक वर्षको अन्तमा बैंक मौज्दात देखिन आएको हुँदा स्रोत गत नगरसभा अधिवेशनबाट पारित आय बजेट देहाय अनुसार संशोधन गरी आगामी नगरसभाको १८ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक

<u>देहाय:</u>

| क्र.सं. | शिर्षक | आ.व.२०८२/८३ को प्रस्तावित आय अनुमान रु. | आ.व.२०८२/८३ को संशोधित आय अनुमान रु. | प्रस्तावित आय अनुमानभन्दा बढी वा कम |
|---|---|---|---|---|
| क | राजश्व : | | | |
| १ | आन्तरिक श्रोत | ३५१४५०००.०० | ३५१४५०००.०० | ०.०० |
| २ | स्थानीय राजश्व | २५४२००००.०० | २५४२००००.०० | ०.०० |
| ३ | सँघिय राजश्व वाडफाडबाट प्राप्त रकम | १२५७७१८४१.०० | १२५७७१८४१.०० | ०.०० |
| ४ | प्रदेश राजश्व वाडफाडबाट प्राप्त रकम | १४५८६०००.०० | १४५८६०००.०० | ०.०० |
| ५ | अन्य आय(बैंक खाताको मौज्दात) | २५००००००.०० | ६८३११०८६.७६ | ४३३११०८६.७६ |
| | जम्मा | २२५९२२८४१.०० | २६९२३३९२७.७६ | ४३३११०८६.७६ |
| ख | अन्तर सरकारी वित्तियहस्तान्तरण | | | |
| १ | नेपाल सरकारबाट प्राप्त | ५२१४०००००.०० | ५२१४०००००.०० | ०.०० |
| २ | प्रदेश सरकारबाट प्राप्त | २७५६९०००.०० | २७५६९०००.०० | ०.०० |
| ३ | तहबाट प्राप्त | ०.०० | ०.०० | ०.०० |
| ४ | विविध कार्यक्रम | १००००००००.०० | १००००००००.०० | ०.०० |
| | जम्मा | ५५८९६९०००.०० | ५५८९६९०००.०० | ०.०० |
| ग | जनसहभागिता | | | |
| १ | नगद सहभागिता | ०.०० | ०.०० | ०.०० |
| २ | श्रम तथा वस्तु सहायता | ०.०० | ०.०० | ०.०० |
| | जम्मा | ०.०० | ०.०० | ०.०० |
| | कुल जम्मा | ७८४८९१८४१.०० | ८२८२०२९२७.७६ | ४३३११०८६.७६ |

(ख) उपरोक्त निर्णय नं २ (क) अनुसार आन्तरिक श्रोत(अ.ल्या.) तर्फ विनियोजन हुन बाँकी देखिएको रकम रु. ४,३३,११,०८६/- (अक्षेरुपी चार करोड तेत्तीस लाख एघार हजार छयासी रुपैया छयहत्तर पैसा मात्र) संघीय समपुरकतर्फको सम्पन्न आयोजनामा संघीय सरकारबाट प्राप्त हुनुपर्ने रकम प्राप्त नभएको हुँदा सेवा प्रदायक निर्माण कम्पनीलाई भुक्तानी दिनुपर्ने दायित्व पुरा गर्न, भवन तथा फोहरमैला प्रशोधनको लागि जग्गा व्यवस्थापन, सवारी साधन व्यवस्थापन, लगायतका दीर्घकालिन महत्व राख्ने प्राथमकिता प्राप्त

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक**

आयोजना/कार्यक्रमहरुमा विनियोजन हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकको निर्णय समेतका आधारमा देहाय अनुसार विनियोजन गरी विनियोजन ऐन, २०८२ संशोधनका लागि आगामी नगरसभाको १८ औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

देहायः

| क्र.सं. | शिर्षक | खर्च शीर्षक नं. | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गत आ.व. को भुक्तानी दायित्व | ३११५१ | ८०००००० | |
| २ | जग्गा प्राप्ति तथा विकास कार्यक्रम | ३१४११ | १४०००००० | |
| ३ | सवारी साधन व्यवस्थापन | ३११२१ | ६०००००० | |
| ४ | महंगी भत्ता थप | २११३२ | ६०००००० | |
| ५ | सिसिटिभि/सडक बत्ती तथा शहरी सौन्दर्य व्यवस्थापन | ३११५३ | १०००००० | |
| ६ | फर्निचर/फिक्चर थप | ३११२३ | ५००००० | |
| ७ | मेशीनरी तथा उपकरण | ३११२२ | १०००००० | |
| ८ | सेवा र परामर्श सेवा (थप) | २२४११ | १०११०८६ | |
| ९ | लागत साझेदारी/समपुरक कोष | २२५२९ | ४८००००० | |
| १० | भैपरि आउने पूँजीगत खर्च | ३१५११ | १०००००० | |
| | जम्मा | | ४,३३,११,०८६ | |

**निर्णय नं.७ : कोठा भाडामा लिने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रको च.नं. २९, मिति २०८२/०६/२६ को पत्र समेतका आधारमा सो सेवा केन्द्र हाल पर्यटन तथा उद्योग कार्यालयको साँघुरो कक्षबाट सञ्चालन हुँदै आएको र औषधी व्यवस्थापनको लागि औषधी भण्डारण कक्ष अति आवश्यक रहेको देखिएको हुँदा उक्त सेवा केन्द्र नजिकै एउटा कोठा भाडामा लिई औषधी भण्डारण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं.८ : नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२/७/१४ गतेको बैठकले गरेको शिक्षक दरबन्दी मिलान तथा विशेष अनुदान अन्तर्गतको प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्णय अनुमोदन गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.९ : राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका अन्तर्गत राजश्व परामर्श समितिको मिति २०८२/०७/१३ गतेको बैठकले गरेका देहायका निर्णयहरु लगायतका सम्पूर्ण निर्णयहरु अनुमोदन गरी कार्यान्वयनमा लैजाने ।

क. राजश्व संकलन अभियान सञ्चालन गर्ने सम्बन्धी: "वेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८२" बमोजिम संकलन गर्नुपर्ने राजश्वको संकलन अपेक्षित रुपमा हुन नसकेको हुँदा सम्पति कर, घर वहाल कर तथा

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक

व्यवसाय कर संकलन कार्यलाई मिति २०८२/०८/०१ गतेबाट अभियानको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

ख. <u>आय ठेक्का प्रक्रिया अघि बढाउने सम्बन्धी:</u> स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन वमोजिम नदिजन्य पदार्थ संकलन र विक्री वितरणको लागि हालसम्म ठेक्का लाग्न नसकेका तथा वर्षातको समयमा सडक बिग्रे भत्केका कारणले ठेक्का आह्वान हुन नसकेका घाटहरुमा रहेका नदिजन्य पदार्थ संकलन तथा बिक्री वितरणको लागि आवश्यक प्रक्रिया अघि बढाउने साथै मध्य मर्स्याङ्दी जलविद्युत केन्द्रको जलाशयको माथिल्लो तटीय तथा तल्लो तटीय क्षेत्रमा संकलन र विक्री गर्न सकिने नदिजन्य पदार्थ (ढुंगा,गिटी,ग्राभेल,बालुवा) को सम्बन्धमा यस अघि विभिन्न विवाद तथा असमझदारीहरु रहेकोमा नेपाल विद्युत प्राधिकरण, मध्यमर्स्याङ्दी जलविद्युत केन्द्र कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गरी आय ठेक्का अगाडी बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१० : गुनासो व्यवस्थापन प्रणाली लागु गर्ने सम्बन्धमा ।</u>**

वेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा नगरपालिकाबाट प्रवाह हुने विभिन्न सेवाहरुका सम्वन्धमा सेवाग्राही, सरोकारवाला निकाय, आम नागरिकहरुको गुनासो तथा रचनात्मक सल्लाह सुझावको सम्बोधन गरी सेवा प्रवाहमा पारदर्शिता, गुनासो सम्बोधन लगायतका कार्यप्रक्रियालाई सरल र प्रभावकारी बनाई जवाफदेहिता र सुशासनलाई सुदृढ बनाउन यस बेसीशहर नगरपालिकामा गुनासो व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने साथै आधुनिक प्रविधिमैत्री क्युआर कोड प्रणालीमा आधारित गुनासो व्यवस्थापन प्रणाली निर्माण गरी लागु गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ११ : वडास्तरीय कार्यक्रमको बजेट व्यवस्थापन सम्बन्धमा ।</u>**

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ खर्च शीर्षक नं २२७११ | ४ लाख ५२ हजार | १.१वेयलफेयर चोकबाट हरित सडकतर्फको बाटो स्तरोन्नति, बेनपा-७<br>१.२हरित सडकबाट बुद्धिसागरको घर हुँदै विष्णु पौडेलको घर जाने अधुरो बाटो स्तरोन्नति, बेनपा-७ | २ लाख<br>१ लाख |
| २.विविध, बेनपा-११ खर्च शीर्षक नं २२७११ | ३ लाख ४७ हजार | २.१ रिठ्ठेबगर-भकुण्डे-तिनपिप्ले-तिलाहार सडक सरसफाईकर्ता पारिश्रमिक, बेनपा-११<br>२.२ सडक बत्ती महशुल (श्रावण,भाद्र, असोज र कार्तिक), बेनपा-११<br>२.३ तिलाहार - बस्नेतगाउँ सडक खण्ड ग्राभेल, बेनपा-११ | ३० हजार<br>२५ हजार<br>३५ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/०७/१५ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| ३. वडा खेलकुँद कार्यक्रम, बेनपा-६,खर्च शीर्षक नं २२५२९ | १ लाख ५० हजार | ३.मकैडाँडा युवा क्लव खेलकुद कार्यक्रम, बेनपा-६ | ३५ हजार |
| ४. विविध फुटकर खर्च, बेनपा-८ खर्च शीर्षक नं २२७११ | ३ लाख ५७ हजार | ४. कृषकहरुका लागि विउविजन खरिद/वितरण, बेनपा-८ | ८० हजार |

**निर्णय नं १२ : करार सेवाको म्याद थप गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-२ भकुण्डेमा सञ्चालन हुँदै आएको नागरिक आरोग्य सेवाकेन्द्रमा कार्यरत वैद्य श्री गोपाल वि.क. को करार सेवाको म्याद २०८२ असोज मसान्तमा समाप्त भएकोमा आयुर्वेद चिकित्साप्रति ज्येष्ठ नागरिक सेवाग्राहीको चाप र सेवाकेन्द्र नहुँदा हुने अत्याधिक गुनासो समेतलाई मध्यनजर गरी म्याद समाप्त भएको मिति देखि लागु हुने गरी निजको करार सेवाको म्याद २०८२ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं १३ : चमेना गृह निर्माण गर्ने सम्बन्धमा ।**

वेसीशहर नगरपालिका, मालपोत कार्यालय तथा नापी कार्यालयमा सेवा प्राप्तिका लागि आउने सेवाग्राही, कर्मचारी तथा पदाधिकारीहरुलाई खाजा खानाका लागि असुविधा भएको र चमेना गृहको माग उच्च रुपमा बढेको हुँदा हाल नगरपालिकाको प्रशासकीय भवनको पछाडिपट्टि रहेको सानो भागमा अस्थायी संरचना निर्माण गरी चमेना गृह सञ्चालन गर्न उपयुक्त रहेकोले सोको लागि लागत अनुमान तैयारी गरी चमेना गृह निर्माण तथा सञ्चालन गर्ने र सोको लागि भैपरी आउने पुँजीगत खर्च शीर्षकबाट लागत अनुमान बमोजिमको विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : स्वास्थ्य लाभको कामना सम्बन्धमा ।**

यस बेसीशहर नगर कार्यपालिका सदस्य श्री विमला न्यौपाने अधिकारी हाल स्वास्थ्योपचारको क्रममा रहनु भएको र वहाँको शल्यक्रिया समेत सफलतापूर्वक सम्पन्न भै स्वास्थ्य लाभको अवस्थामा रहनुभएकोमा वहाँको पूर्ण रुपमा शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख